# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :- ६७८

बिहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मिति :- २०८१/०९/०१

विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

**श्री सबै विद्यालयहरु,**
**विहादी गाउँपालिका, पर्वत** ।

प्रस्तुत विषयमा विहादी गाँउपालिकाको आयोजनामा तपसिल बमोजिमको मिति, समय, स्थानमा सञ्चालन हुने विहादी गाँउपालिका स्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ मा त्यस विद्यालयमा अध्ययनरत खेलाडी विद्यार्थीहरुको सहभगिता गराईदिनुहुन अनुरोध छ ।

**तपसील:**

राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धी विवरण:

मिति: **२०८१ पुष ११, १२ र १३ गते**

समय: विहान ८:३० बजे

स्थान: सापचौर खेल मैदान, विहादी-४, वहाकीठाँटी, पर्वत ।

**प्रतियोगिता संचालन सम्बन्धी विवरण**

१. राष्ट्रपति रनिङ शिल्डको प्रत्येक खेलका लागि सहभागी छात्र छात्राहरुको उमेर १८ वर्ष ननाघेको हुनुपर्नेछ । गैर विद्यार्थीलाई सहभागी गराइने छैन ।
२. सहभागी विद्यार्थीको स्पष्ट फोटो देखिने कागजात पेश गर्नुपर्ने छ । साथै विद्यार्थीको आधिकारीक्ता बारे शिक्षा शाखाबाट गरिएको निर्णय नै अन्तिम हुनेछ ।
३. भलिवल खेलका लागि प्रत्येक सहभागी समूहमा ९-९ जना समावेश गर्नु पर्नेछ ।
४. कबड्डी खेलका लागि प्रत्येक सहभागी समूहमा ९-९ जना समावेश गर्नु पर्नेछ ।
५. एथलेटिक्स प्रतियोगितामा छात्र/छात्रा दुवै इभेन्ट्स एक खेलाडीले एक ट्र्याक, दुई फिल्ड तथा एक फिल्ड, दुई ट्र्याक इभेन्ट मात्र खेल्न पाउने छ । रिलेमा यो नियम मान्य हुने छैन ।
६. प्रत्येक विद्यालयले प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुको विवरण ढाँचामा भरी पुष ८ गते भित्र विहादी गाँउपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गरिसक्नु पर्नेछ र पेश गरिएको विवरणमा खेलाडीहरुको नामावली संशोधन गर्नुपर्ने भएमा पुष १० गते भित्र नै पेश गर्नुपर्ने छ । खेल संचालनको क्रममा संशोधन गर्न पाइने छैन ।
७. प्रत्येक खेलमा रेफ्रीको निर्यण नै अन्तिम हुनेछ ।
८. निर्धारीत समयमा विद्यार्थीहरुलाई खेलमा उपस्थित गराउन नसकेमा खेलबाट नकआउट गरिनेछ ।
९. प्रत्येक विद्यालयले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता उद्घाटन २०८१।०९।११ गते विहान ८:३० बजे हुनेछ । उद्घाटन दिनको मार्च पासका लागि खेलाडी विद्यार्थीहरुलाई सहभागी गराइनेछ ।
१०. खेलाडी विद्यार्थीहरुका लागि यातायातको व्यवस्था पालिकाबाट हुनेछ भने खाजा, खाना, पोषाक लगायतका अन्य खर्चहरु सम्बन्धित विद्यालयले नै गर्नुपर्ने छ ।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

संचालन हुने खेलहरुको विवरण:

- भलिवल: छात्र, छात्रा
- कबड्डी खेल छात्र, छात्रा
- एथलेटिक्स: छात्र, छात्रा

  (क) दौड (ट्र्याक) तर्फ

  १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि.,
  ४*१०० मि. रिले, ४*४०० मि. रिले

  (ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ:

  छात्र: हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड ।
  छात्रा: हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड ।

खेलको समय तालिका

२०८१।०९।११ गते

- कार्यक्रम उद्घाटन
- छात्र भलिवल
- छात्रा कबड्डी तथा एथलेटिक्सका सबै खेलहरु

२०८१।०९।१२ गते

- छात्रा भलिवल
- छात्र कबड्डी तथा एथलेटिक्सका सबै खेलहरु

२०८१।०९।१३ गते

- भलिवल फाइनल (छात्र, छात्रा)
- पुरस्कार वितरण
- विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु सहित समापन

बोधार्थ:

श्री सुचना प्रविधि शाखा (विहादी गाउँपालिका) : वेवसाइट तथा फेसबुक पेज मार्फत सूचना प्रवाह गर्नुहुन ।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com

२०८१/०८२

विद्यार्थीको फोटो

# विहादी गाँउपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१

## खेलाडी विद्यार्थीहरुको विवरण

विद्यालयको नाम :  ठेगाना:

प्रधानाध्यापकको नाम:  मोबाइल न:

| क्र.सं | खेलको नाम | सहभागी हुने विद्यार्थीको नाम थर | छात्रा/छात्र | अध्ययनरत कक्षा | रोल नं. | जन्म मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

खेल शिक्षकको नाम:  मोबाइल न:

नोट: प्रत्येक इभेन्ट अनुसार छुट्टै विवरण पेश गर्नुहोला ।

विद्यालयको छाप:

प्रधानाध्यापको हस्ताक्षर:

मिति:

शिक्षा अधिकृत (सातौं)

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत